जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक




वर्ष ३४ अंक ५ २०८१ साल साउन ५ गते शनिबार (20 July 2024 Saturday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : अवैध रकम खातामा जम्मा... ३ पृष्ठमा : मधेस प्रदेश लोकसेवा आयोग ... ३ पृष्ठमाप्रदर्शनकारीद्वारा बंगलादेशका..

# कान्तिपुर सहकारीका सचिव तातेड पक्राउ

## संस्थाका उपाध्यक्षसहित ४६ जना बचतकर्ताद्वारा प्रहरीमा उजुरी

**दैनिक समाचारदाता**
**राजविराज, ४ साउन ।**

राजविराजस्थित कान्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडमा बचतकर्ताले जम्मा गरेको दुई करोड भन्दा बढी रकम नपाएको भन्दै प्रहरीले संस्थाका संचालक समितिका सचिवलाई पक्राउ गरेको छ ।

उक्त प्रकरणको अनुसन्धानका क्रममा प्रहरीले जनप्रतिनिधी समेत रहेका राजविराज ३ का प्रतिष्ठित औषधी व्यवसायी सिद्धार्थ तातेडलाई पक्राउ गरेको हो ।

विहीवार साँझ घरबाटै पक्राउ परेका तातेडलाई शुक्रवार सप्तरी जिल्ला अदालतले सहकारीको रकम ठगी तथा आपराधीक विश्वासघात मुद्दामा पाँच दिन हिरासतमा राखी अनुसन्धान गर्न प्रहरीलाई अनुमती प्रदान गरेको छ ।

बि.स. २०८० साउन १९ गते बचतकर्ताको रकम फिर्ता नगरी संस्थाका सात जना संचालक सम्पर्कविहीन भएको भन्दै संस्थाका उपाध्यक्षसहित ४६ जना बचतकर्ताले उनीहरु



विरुद्ध प्रहरीमा उजुरी दिएका थिए ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले सात सदस्यीय संचालक समितीमध्ये अध्यक्ष बेचन यादव र अन्य ५ जना संचालक सदस्य भने अझै फरार रहेको जानकारी दिए ।

संचालक समितीमाथी बचतकर्ताको १ करोड ३३ लाख २० हजार ८ सय २३ तथा संस्थाको ८८ लाख १७ हजार ६ सय ७७ गरी कुल २ करोड २१ लाख ३८ हजार ५ सय रुपैया घोटाला गरेको आरोप रहेको प्रहरीको भनाई छ ।

अनुसन्धानको क्रममा अदालतबाट संचालक समितीका सबै सातै जना विरुद्ध पक्राउ पुर्जी जारी भएपछि तातेडलाई पक्राउ गरिएको र अन्य फरार आरोपितहरुको खोजी कार्य भईरहेको डिएसपी नेउपानेले बताए ।

संचालक र कर्मचारी अचानक सम्पर्कविहीन भएको र लामो समयसम्म संस्थामा तालाबन्दी भएको देखेपछि बचत फिर्ताका लागी पहल गर्न माग गर्दै बचतकर्ताहरु प्रहरी समक्ष पुगेका थिए ।

राजविराज नगरपालिका वडा नं. ३ का निर्वाचित वडा सदस्य तथा राजविराज जेसिजका पूर्व अध्यक्ष समेत रहेका तातेड कान्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लि.को संचालक समितीका सचिव हुन ।

यसअघि विदेशबाट आईएमईमार्फत पठाइएको विभिन्न ग्राहकको गरी १ करोड ७६ लाख रुपैया लिएर आईएमइ संचालक राजविराजका चर्चित व्यापारी दाजु/भाई सुनिल सिन्धी र संजय सिन्धी फरार भएका थिए ।

सिन्धी दाजु/भाई अझै फरार छन । अघिल्लो वर्ष शाखा नै बन्द गरी फरार भएका सिन्धी दाजु/भाइ भारतमा लुकेर बसेका हुन सक्ने अनुमान गरिएको छ । प्रहरीले सिन्धी दाजु/भाइको पनि खोजी कार्य तिब्र बनाइएको जनाएको छ ।

# अतिरिक्त समयमा सेवा सञ्चालन गर्न अस्पताललाई आग्रह

काठमाडौँ, ४ साउन (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सङ्घीय अस्पताललाई नियमितबाहेक अतिरिक्त समयमा सेवा सञ्चालन गर्न आग्रह गरेको छ । मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले गुणस्तरीय स्वास्थ्य सेवा छिटोछरितो र स्वास्थ्य सेवामा नागरिकको सहज पहुँच अभिवृद्धि गर्न नियमितबाहेक अतिरिक्त समयमा सेवा सञ्चालन गर्न आग्रह गर्नुभयो ।

मन्त्रालयले अतिरिक्त समयमा सेवा सञ्चालन गर्न 'विस्तारित अस्पताल सेवा कार्यक्रम सञ्चालनसम्बन्धी कार्यविधि, २०७७' कार्यन्वयनमा ल्याएको छ । उहाँले कार्यविधि अनुसार सेवा यथाशीघ्र सुरु गर्न र सेवा सञ्चालन गरेको जानकारी मन्त्रालयलाई गराउन आग्रह गर्नुभयो ।

अस्पतालले अतिरिक्त समयमा सेवा सञ्चालन गरेबापत चिकित्सक सेवा शुल्क सरकारले तोके अनुसार र अन्य सेवा शुल्क अस्पतालले नियमित सेवा शुल्कमा बढीमा दुई सय प्रतिशतसम्म लिन पाउने व्यवस्था कार्यविधिमा उल्लेख गरिएको मन्त्रालयका प्रवक्ता डा

***बाँकी अन्तिम पृष्ठमा***

# मन्त्रिपरिषद् समितिमा पाँच सदस्य तोकिए

काठमाडौँ, ४ साउन (रासस) ।

सरकारले मन्त्रिपरिषद्का पाँच समिति गठन गरी तिनका संयोजक तोकेको छ । प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा बिहीबार सिंहदरबारमा भएको मन्त्रिपरिषद्को बैठकले राजनीतिक, प्रशासन, आर्थिक पूर्वाधार, विधेयक र सामाजिक समितिको संयोजक तोकेको हो ।

सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङका अनुसार बैठकले राजनीतिक समितिको संयोजकमा उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंह र आर्थिक पूर्वाधार समितिको संयोजकमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई तोकेको छ ।

प्रशासन समितिको संयोजकमा सञ्चार तथा सूचना प्रविधिमन्त्री गुरुङ, सामाजिक समितिको संयोजकमा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारी र विधेयक समितिको संयोजकको जिम्मेवारी गृहमन्त्री रमेश लेखकलाई दिइएको छ ।

बैठकले प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकारमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उपमहासचिव विष्णु रिमाल र आर्थिक सल्लाहकारमा पूर्वअर्थमन्त्री डा युवराज खतिवडालाई नियुक्त गर्ने निर्णय गरेको छ ।

नयाँदिल्लीमा आयोजना हुने युनेस्को विश्व सम्पदा समितिको ४६औँ बैठकमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव डा गणेशप्रसाद पाण्डेयलाई साउन ६ देखि ११ सम्म सहभागी हुन बैठकले अनुमति दिएको छ ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

विगत १६ वर्ष देखी संचालन हुदै आएको
ओभरसियरी क्याम्पस
( CTEVT बाट मान्यता प्राप्त )

डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ
( ३ बर्षे )

न्यूनतम योग्यता : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षाको स्तरिकृत अंक समग्रमा न्यूनतम १.६ जि. पि. ए. वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।
फारम भर्ने अन्तिम मिति : २०८१ श्रावण १३ गते सम्म ।

सम्पर्क :
सफटेक इन्जिनियरिङ कलेज
रुपनी रोड, राजविराज-८ (सप्तरी)
फोन नं.-०३१-५३०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

CTEVT बाट मान्यता प्राप्त
जगदम्बा मेडिकल इन्स्टिच्यूट राजविराज

संचालित कार्यक्रमहरु

डिप्लोमा तह
H.A. (सामान्य चिकित्सा)
अवधी : ३ वर्षे

V-JTA भेटनरी जे.टी.ए.
१८ महिने
P-JTA बाली विज्ञान
१८ महिने

भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

फारम बितरण मिति : २०८१/३/१६ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०८१/४/१३ गतेसम्म
प्रवेश परिक्षा मिति : २०८१/४/१९ गते शनिबार
समय : बिहान ८ बजेदेखी (H.A.)
समय : दिउँसो १ बजेदेखी (V-JTA, P-JTA)

आजै सम्पर्क गर्नुहोस्
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५३१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

## सम्पादकीय

### कारागार जग्गा अतिक्रमणप्रति जिम्मेवार निकाय अझै मौन

राजविराज कारागारको अतिक्रमित जग्गाप्रति जिम्मेवार निकाय अझै मौन छन् । विगत लामो समयदेखी कारागारको आफ्नै जग्गा स्थानीयहरुले अतिक्रमण गरे घर, टहरा बनाएर बसेका छन् । कारागारको झण्डै तीन विगहा जग्गा मध्ये आधा जति जग्गा अतिक्रमण भएको हो । यसका लागि स्थानीय प्रशासनले अतिक्रमित जग्गा खाली गराउन गत साउनमा एक महिने सूचना जारि गरे पनि त्यो अझै कार्यान्वयन हुन सकेको छैन् । त्यसअघि पनि जग्गा खाली गराउने नाउँमा पटक पटक सूचना जारि भएको थियो ।

अतिक्रमित जग्गा खाली नहुदा कारागारलाई भौतिक तथा सुरक्षाको अभाव देखिएको छ । यता लामो समयदेखी जिर्ण भवनको समस्याले कारागार आफै समस्यामा छ । कारागार जिर्ण हुनुका साथै साँगुरो ठाउका कारण कैदीबन्दीहरु कोचिकोचि बस्न बाध्य छन् । एक सय २५ कैदीबन्दी राखिने क्षमता रहेको यस कारागारमा हाल ३ सय भन्दा बढी कैदीबन्दीहरु छन् ।

तसर्थ अतिक्रमित जग्गासँगै कारागारको विभिन्न समस्या जोडिएकाले यसप्रति जिम्मेवार निकाय गम्भिर हुनु आवश्यक छ । यसका लागि स्थानीय प्रशासन मात्र नभएर स्थानीय पालिका, वडासमेतको समन्वयकारी भूमिका आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# अवैध रकम खातामा जम्मा भए जानकारी दिन सिआइबीको आग्रह

काठमाडौँ, ४ साउन (रासस) ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले अवैध 'च्यानल' को प्रयोग भई खातामा रकम जम्मा भएको पाइएकाले त्यसरी रकम आएको भए जानकारी दिन सर्वसाधारणमा आग्रह गरेको छ ।

अनुसन्धानका क्रममा विदेशी मुलुक जस्तै संयुक्त अरब इमिरेट्स, कतार, कुवेत, अष्ट्रेलिया, अमेरिका, जापान, दक्षिण कोरिया, बेलायतलगायतका बिभिन्न देशमा रहेका नेपाली नागरिकले बिदेशमा आर्जनगरी पठाएको विप्रेषणबापतको रकम अवैध प्रक्रियाबाट आइरहेको र उक्त सकम एजेन्टले बिदेशमा रहेका नेपालीको नेपालस्थित आफन्तको बैंक खातामा जम्मा गर्ने गरेको पाइएको भन्दै त्यस्तो भएको पाइए खबर गर्न अनुरोध गरिएको सिआइबीले जनाएको छ ।

बिदेशमा रहेका नेपाली नागरिकबाट प्राप्त भएको बिदेशी मुद्रा अवैध सुनको भुक्तानी, अनलाइन ठगी, सट्टेबाजी, मानव तस्करी, भ्रष्टाचार, गैरकानुनी सम्पत्तिको आर्जन, आतङ्कारी त्रियाकलापमा लगानी र अभौतिक मुद्रामा लगानी गर्ने साथै सोको हिसाबकिताब मिलान कार्यमा प्रयोग हुने गरेको पाइएको भन्दै यस्ता गैरकानुनी कार्यको हिस्सेदार नबन्न पनि अनुरोध गरिएको सिआइबीका प्रवक्ता प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले बताउनुभयो ।

यसरी रकम आएमा बिदेशी मुद्राको सञ्चितिमा ह्रास, पुँजी पलायन, अनौपचारिक अर्थतन्त्रमा वृद्धि हुन गई अर्थतन्त्र धराशायी हुने, अर्थतन्त्रमा प्रतिकूल प्रभावपरी बिकास निर्माणमा असर पर्ने, मूल्यमा अस्थिरता एवं उतारचढाव, लगानीको सुरक्षासम्बन्धी जोखिम बढ्दै जाने उहाँले बताउनुभयो ।

नेपाल बाहिर तथा नेपालमा रहेका सबै नेपाली नागरिकको उल्लिखित अवैध कारोबार रोक्न तथा निरुत्साहित गर्नका लागि सम्बन्धित निकायमा जानकारी गराउनु सर्वसाधरण नागरिकको कर्तव्य भएको सिआइबीले उल्लेख गरेको छ ।

यसरी बिदेशमा वा नेपालभित्र रही अवैध कारोबारमा संलग्न रहेको पाइएमा संलग्नउपर नेपाल राष्ट्र बैंक ऐन, २०५८ तथा मुलुकी अपराध संहिता, २०७४, सङ्गठित अपराध निवारण ऐन, २०७० लगायत प्रचलित कानुनबमोजिम कारबाही हुनसक्ने सिअआइबीले बिहीबार सार्वजनिक सूचना जारी गरी चेताबनीसमेत दिएको छ ।

सिआइबीले यसरी बैदेशिक रोजगार तथा अध्ययनको सिलसिला एवं विदेशमा स्थायी रूपमा बसोबास गरेका नेपाली नागरिकका नेपालमा रहेका आफन्तले प्राप्त गरेको रकम कोकसले बैंक खातामा जम्मा गरेको हो, त्यसको जिम्मेवारी स्वयं खातावालाको हुने भएकाले बैंक स्टेटमेन्ट जाँचगरी वैध प्रक्रियाबाट रकम आएको हो वा होइन रूजु गर्न र अवैध प्रक्रियाबाट निक्षेप भएको भए सम्बन्धित निकायमा वा यस प्रहरी कार्यालयमा जानकारी दिन सर्वसाधारण सबैमा अनुरोध गरेको छ ।

साथै त्यस्तो अवैध प्रक्रियाको हिस्सेदारी नबन्न, वैध प्रक्रियाबाट मात्र रकमको कारोबार गर्न र वैध भए नभएको सुनिश्चित गर्न सम्पूर्ण सर्वसाधारणमा आग्रह गरेको छ ।

# सिमलताल दुर्घटना : दुई शव भारतको चम्पारणमा फेला

काठमाडौँ, ४ साउन (रासस) ।

चितवनको भरतपुर महानगरपालिका-२९ अन्तर्गत नारायणगढ-मुग्लिन खण्डको सिमलतालमा लेदोसहितको पहिरोले बगाई त्रिशूली नदीमा बेपत्ता भएका दुईवटा बसमा रहेका ६५ यात्रुमध्ये २३ जनाको शव फेला परेको छ ।

सशस्त्र प्रहरी बलले उपलब्ध गराएको तथ्याङ्कअनुसार शुक्रबार बिहान १०:५० बजेसम्म मृतकमध्ये १५ जनाको सनाखत भएको छ । आठ पुरुष र एक महिला गरी नौ शवको सनाखत हुन सकेको छैन ।

भारतको बिहार सीतामणिका २८ वर्षीय ऋषिपल साह र २७ वर्षीय बिबेक कुमार, पश्चिम चम्पारण बेतिया थानाका ३० वर्षीय जयप्रकाश ठाकुर र बेतिया मझेलिया थानाका ३० वर्षीय सजाद अन्सारीको शव सनाखत भई आफन्तले बुझेका छन् ।

चितवनको माडी नगरपालिका-१ का २२ वर्षीय विकास परियार, सर्लाहीको बरथहवा नगरपालिका-३ का १९ वर्षीय रमितकुशर माझी, भरतपुर महानगरपालिका-२२ पटहानीका २३ वर्षीय सुदीप विक, बाराको विश्रामपुर गाउँपालिका-६ का ४३ वर्षीय परमानन्द पण्डित र रौतहटको चन्द्रपुर नगरपालिका-१० का बस चालक ४३ वर्षीय किशोरकुमार चौधरीको शव सनाखत भएको छ ।

रौटहटको गरुडा नरपालिका-९ का नौ वर्षीय अशोककुमार यादव, रौतहटको परोहा नगरपालिका-६ का ४० वर्षीय ऋषिकुमार सिंह, सर्लाहीको रामनगर गाउँपालिका-३ का जितेन्द्रराम महरा, पर्साको सखुवा प्रसौनी गाउँपालिका-२ का २८ वर्षीया चन्द्रप्रभा कुमारी र रौतहटको बौधिमाई नगरपालिका-७ का २९ वर्षीया अमृता कुमारीको शव सनाखत भई आफन्तले

*बाँकी तीन पृष्ठमा*

बाढी / पहिरोबाट सतर्क रहौं ।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौ र बचाऔं ।

जनहीतका लागि : छिन्नमस्ता गाउँपालिका सप्तरी

बाढी / पहिरोबाट सतर्क रहौं ।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौ र बचाऔं ।

जनहीतका लागि : राजगढ गाउँपालिका, सप्तरी

# मधेस प्रदेश लोकसेवा आयोग पदाधिकारीविहीन

जनकपुरधाम, ४ साउन (रासस)।

मधेस प्रदेश लोकसेवा आयोग लामो समयदेखि पदाधिकारीविहीन भएको छ।

आयोगमा पदाधिकारी नहुँदा उद्देश्य तथा लक्ष्य अनुरुप काम गर्न नसकेको र कर्मचारी भर्ना एवं नियुक्तिलगायत काम ठप्प भएको छ। मधेस प्रदेश लोकसेवा आयोगका अध्यक्ष तथा सदस्य पद रिक्त रहेकाले सबै कार्य ठप्प भएको कर्मचारीहरुको भनाइ छ।

आयोगमा तीन सदस्यीय पदाधिकारी प्रदेश सरकारले नियुक्त गर्ने व्यवस्था छ। त्यसमध्ये एक जना सदस्य डा सुजाता देव मात्र कार्यरत हुनुहुन्छ। आयोगका तत्कालीन अध्यक्ष सुरेन्द्रप्रसाद यादव तथा सदस्य महारुद्र झा उमेर हदका कारण छ महिना अगाडि पदमुक्त हुनुभएपछि आयोग पदाधिकारीविहीन भएको हो।

आयोगमा पदाधिकारी मात्र होइन विसं २०८० मङ्सिर २१ गतेबाट सचिव पद पनि रिक्त छ। तत्कालीन सचिव नरेशराज खरेलको अन्यत्र सरुवा भएपछि नयाँ सचिव नआएको आयोग कार्यालयले जनाएको छ। पदाधिकारी र सचिव नहुँदा साउन १ गते आयोगले सार्वजनिक गर्ने कर्मचारी भर्नासम्बन्धी वार्षिक क्यालेण्डर प्रकाशन गर्न सकेको छैन।

अध्यक्ष, सदस्य तथा सचिव नहुँदा नियमित प्रशासनिक कामबाहेक अन्य काम ठप्प भएको आयोगका प्रवक्ता तथा उपसचिव गणेश गुञ्जन झाले जानकारी दिनुभयो। प्रवक्ता झाका अनुसार अन्तर्वार्ता लिइएको उम्मेदवारको नतिजा सार्वजनिक, सिफारिस, विज्ञापन गरिएका लिखित परीक्षा, सम्बन्धित निकायसँग रिक्त रहेको दरबन्दी माग तथा विज्ञापन निकाल्नेलगायत काम अघि बढ्न नसकेको हो।

आयोगकी एक मात्र सदस्य डा देबका अनुसार दुई जना पदाधिकारी भएमा मात्र निर्णय गर्नसक्ने कानुनी व्यवस्थाअनुसार आफू एक्लैले केही गर्न नसक्ने बताउनुभयो। मधेस प्रदेश सरकारलाई आयोगमा पदाधिकारी नियुक्तिका लागि पटकपटक लिखित तथा मौखिक जानकारी गराउँदा कुनै सुनवाइ नभएको उहाँले बताउनुभयो।

लोकसेवा आयोग स्थापनाको पाँच बर्षमा हालसम्म बिभिन्न एक हजार २२ पदको विज्ञापन आयोगले गरेको छ। जसमा कर्मचारी बढुवातर्फ तीन सय ७६ जना सिफारिस भएका छन्। खुलातर्फ छ सय ४६ जना कर्मचारी माग गरिएकोमा सबै प्रक्रिया पुरा गरेर छनोट भएका एक सय ८५ मात्र सिफारिस गर्न सकेको आयोगले जनाएको छ।

प्रवक्ता झाका अनुसार आव २०७९/८० मा खुला विज्ञापनमार्फत बढुवा र खुला गरी उपसचिव नवौंदेखि सहायक चौथो तहमा दुई सय कर्मचारी पदपूर्ति गर्नुपर्ने आयोगको लक्ष्य रहेको थियो। आव २०८०/८१ मा एक सय १७ कर्मचारी भर्ना गनुपर्ने भए पनि आयोगले पदपूर्ति गर्न सकेको छैन। आव २०७९/८० मा नवौं तह उपसचिवमा बढुवाका लागि गरेको ११ पदका विज्ञापनमा प्रक्रिया पुऱ्याएर तीन जना सिफारिस भइसकेका छन् भने आठ जनाको सिफारिस बाँकी रहेको छ।

तत्कालीन मुख्यमन्त्री लालबाबु राउतको कार्यकालमा प्रदेश लोकसेवा आयोग २०७६ भदौ ४ गते गठन भएको थियो।

## *सिमलताल दुर्घटना :...*

बुझी लगेका सशस्त्र प्रहरी बलका सहप्रवक्ता प्रहरी नायब उपरीक्षक शैलेन्द्र थापाले जानकारी दिनुभयो।

थापाका अनुसार शव चितवनको गोलाघाट, सालबास र सिसवार, नवलपुरको गैंडाकोट, भुताहा, त्रिवेणी व्यारेज क्षेत्रलगायत घटनास्थलबाट तटीय क्षेत्रमा फेला परेका हुन्। गत असार २८ गते बिहान ३ बजे सिमलताल भन्ने स्थानमा वीरगञ्जबाट काठमाडौं आउँदै गरेको बागमति प्रदेश ०३-००६ ख १५१६ नम्बर र काठमाडौँबाट गौरतर्फ जाँदै गरेको बागमति प्रदेश ०३-००१ ख २४५९ नम्बरको बस लेदोसहितको पहिरोले बगाई त्रिशूली नदीमा बेपत्ता भएको थियो।

पछिल्लो तथ्याङ्कअनुसार वीरगञ्जबाट काठमाडौं आउँदै गरेको बसमा टिकट काटेका २७ र अन्य ११ गरी ३८ तथा काठमाडौँबाट गौरतर्फ जाँदै गरेको बसमा टिकट काटेका २३ र अन्य चार गरी जम्मा २७ जना यात्रु सवार रहेका प्रहरीले जनाएको छ। टिकट नकाटी बसमा यात्रा गरेका यात्रीका आफन्तजनले दुर्घटनापछि प्रहरीमा आफन्तको बिवरण उपलब्ध गराएका थिए। दुई बसमा ६५ यात्रु सवार रहेका खुलेको छ।

काठमाडौँबाट गौरतर्फ जाँदै गरेको बसबाट हाम्फालेर बाँच्न तीनमध्ये रौतहटको गरुडा नगरपालिका-९ का जुगेश्वरराय यादव र सरोजकुमार गुप्ता उपचारपश्चात् घर फर्केका छन् भने रौतहटका देवाही बनाही नगरपालिका-१० का नन्दन दासको उपचार भइरहेको छ।

**भारतको चम्पारणमा फेला परे दुई शव**

दुर्घटनामा परी बेपत्ता भएकामध्ये दुई यात्रीको शव भारतको चम्पारण नागाहास्थित नारायणी नदीमा फेला परेको छ। भारतीय सीमा सुरक्षा बल (एसएसबी)को टोलीले बिहीबार फेला पारेका दुई शव सीमा सुरक्षार्थ खटिइएको सशस्त्र प्रहरी बलको 'बोर्डर आउट पोष्ट' (बिओपी) त्रिवेणीको टोली, नेपाल प्रहरी र स्थानीय जनप्रतिनिधिको रोहबरमा नेपाल ल्याइएको सशस्त्र प्रहरीका सहप्रवक्ता थापाले जानकारी दिनुभयो।


# बाढी/पहिरोबाट सतर्क रहौं।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

**जनहीतका लागि : तिरहुत गाउँपालिका**



# बाढी/पहिरोबाट सतर्क रहौं।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

**जनहीतका लागि : बलानबिहुल गाउँपालिका, सप्तरी**


# विश्व समाचार

## प्रदर्शनकारीद्वारा बंगलादेशका सरकारी भवनमा आगलागी : प्रहरी

ढाका, बङ्गलादेश, ४ साउन (रासस/एएफपी)।

बङ्गलादेशमा जारी आरक्षण बिरोधी आन्दोलनका क्रममा प्रदर्शनकारीले एकैदिन धेरै सरकारी भवनहरूमा आगो लगाइदिएका छन्।

बङ्गलादेश प्रहरीले जारी गरेको विज्ञप्तिमा सरकारी प्रसारण संस्था बिटिभी, राष्ट्रिय बिपद् व्यवस्थापन निकाय, प्रहरी संरचना र अन्य सरकारी भवनहरूमा प्रदर्शनकारीले आगलागी, तोडफोडलगायत बिनासकारी गतिबिधि गरेको उल्लेख छ।

बङ्गलादेश सरकारले बाहिरी विश्वसँगको सम्पर्क सञ्जाल अवरुद्ध गर्न चालेको कदमपछि आन्दोलनकारीले यस्ता गतिबिधि गरेको बिहीबार जारी विज्ञप्तिमा जनाइएको छ।

प्रहरीले हालसम्म अधिकतम धैर्यता कायम गरेको उल्लेख गर्दै विनाशकारी गतिविधि जारी रहे कानूनको अधिकतम प्रयोग गर्न बाध्य हुनेसमेत जनाएको छ।

निजामती सेवामा आरक्षणलगायत भर्नासम्बन्धी नियमहरूमाथि विद्यार्थीले विरोध जनाउँदै सुरु भएको प्रदर्शन तथा झडपमा यो हप्तामा ३९ जनाको मृत्यु भएको छ भने बिहीबार एकै दिनमा सबैभन्दा धेरै ३२ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ।

बिहीबारको झडपमा १०४ जनाप्रहरी अधिकारी, ३० पत्रकारसहित जम्मा ७०२ जना घाइते भएको निजी प्रसारण संस्था इन्डिपेन्डेन्ट टेलिभिजन नेटवर्कले जनाएको छ।बङ्गलादेशका ६४ वटा जिल्लामध्ये बिहीबार कम्तीमा २६ जिल्लामा झडप भएको नेटवर्कले जनाएको छ।

## भगवानको कृपाले म बाँचे : पूर्वराष्ट्रपति ट्रम्प

मिल्वाकी, ४ साउन (रासस/एएफपी)।

पूर्व अमेरिकी राष्ट्रपति एवम् रिपब्लिकन राष्ट्रपति पदका उम्मेदवार डोनाल्ड ट्रम्पले बिहीबार भएको आक्रमणको वर्णन गर्दै आफू भगवानको कृपाले बाँचेको बताउनुभएको छ।

पेन्सिलभेनियामा आयोजित चुनावी र्‍यालीमा गोली प्रहारबाट घाइते हुनुभएका ट्रम्पले मिल्वाकीमा आयोजित रिपब्लिकन सम्मेलनलाई सम्बोधन गर्दै भन्नुभयो "म आज राती यहाँ हुने थिइनँ।"

ट्रम्पले घटनाको स्मरण गर्दै भन्नुभयो "मैले चर्को आवाज सुनें र मेरो दाहिने कानमा चोट लागेको महसुस गरें। मैले तत्काल आफ्नो कानमा हात लगे जुन रगतले ढाकिएको थियो। हामी माथि आक्रमण भइरहेको छ भन्ने मलाई तुरुन्तै थाहा भइहाल्यो।"

सिक्रेट सर्भिसका कर्मचारीहरुले गोली चलिरहेकै अवस्थामा स्टेजमा पुगेर आफूलाई सुरक्षित स्थानमा लगेको उहाँले बताउनुभयो।

यदि मैले गोली प्रहार भएको अन्तिम क्षणमा टाउको नचलाएको भए हत्याराको गोली निशानामा लाग्ने थियो। र म आज राती यहाँ हुने थिइनँ। हामी सँगै हुने थिएनौं", ट्रम्पले भन्नुभयो।

## ओसामा बिन लादेनको 'नजिकका सहयोगी' पक्राउ

लाहोर, पाकिस्तान, ४ साउन (रासस/एएफपी)।

अल कायदाका संस्थापक एवम् सेप्टेम्बर हमलाका प्रमुख योजनाकर्ता ओसामा बिन लादेनको 'नजिकका सहयोगी'लाई पक्राउ गरेको पाकिस्तानी अधिकारीहरूले शुक्रबार बताएका छन्।

पञ्जाबको सबैभन्दा बढी जनसङ्ख्या भएको प्रान्तका आतङ्कवाद बिरोधी अधिकारीहरूले बिध्वंसकारी गतिविधिहरूको योजना बनाएको र देशका महत्त्वपूर्ण प्रतिष्ठानहरूलाई लक्षित आक्रमण गर्न खोजेको आरोपमा गुजरात सहरबाट अमिन उल-हकलाई पक्राउ गरेका हुन्।

"अमिन उल-हकको गिरफ्तारी पाकिस्तान साथै बिश्वभर आतङ्कवादसँग लड्न जारी प्रयासहरूमा ठुलो बिजय हो," पञ्जाबको आतङ्कवाद बिरोधी बिभागको एक विज्ञप्तिमा भनिएको छ।

उहाँलाई संयुक्त राज्य अमेरिका, युरोपेली सङ्घ र संयुक्त राष्ट्र सङ्घले अल-कायदा र बिन लादेनको सहयोगीको रूपमा सूचीबद्ध गरेको थियो," पञ्जाबको आतङ्कवाद बिरोधी बिभागका प्रमुख उस्मान अकरम गोनादालले पत्रकार सम्मेलनमा भन्नुभयो।

अफगानिस्तानबाट पश्चिमी नाटो सेना फिर्ता भएपछि उहाँ फेरी देखा पर्नुभएको थियो। उहाँले अगस्टमा अफगानिस्तानको भ्रमण गरेर अल-कायदाको पुनर्गठन गर्ने प्रयास सुरु गर्नुभएको थियो।

नाटो समर्थित अमेरिकी सेनाले सेप्टेम्बर ११ को आक्रमणमा संलग्न अल-कायदाका लडाकुहरूलाई हस्तान्तरण गर्न अस्वीकार गरेको भन्दै सन् २००१ मा तालिबानको पहिलो शासनलाई अपदस्थ गरेको थियो।

आक्रमणका प्रमुख योजनाकर्ता बिन लादेन पछि पाकिस्तानमा बसेको पत्ता लागेको थियो र उहाँको सन् २०११ मा अमेरिकी कारबाहीमा गोली लागी मृत्यु भएको थियो।

तालिबानले अफगानिस्तानमा दुई दशक लामो लडाइँपछि अमेरिकालगायत उसका सहयोगी मुलुकको समर्थन प्राप्त सरकारलाई बिस्थापित गरेर सन् २०२१ मा सत्ता फिर्ता लिएको छ।

# नगरपालिका स्तरिय युवा संजाल गठन



**दैनिक समाचारदाता**
**राजविराज, ४ साउन ।**

युवाहरूलाई मुलधारमा ल्याउन, सशक्त बनाउन र समाजिक बकालतका लागि महिलाअधिकारकर्मी रमिला देवी साहको नेतृत्वमा नगरपालिका स्तरिय युवा संजाल गठन गरिएको छ ।

राजबिराज नगरपालिकाको समन्वय र सबल नेपालको आयोजना तथा युएसएआईडीको सहयोग नागरिक, समाज तथा संचार कार्यक्रम अन्तर्गत दुई दिने पालिकास्तरिय युवा संजाल पुनःगठन कार्यक्रमबाट युवा संजाल गठन गरिएको हो ।

गठित संजालको अध्यक्षतमा रमिला देवी साह, उपाध्यक्षमा ईन्द्रजित कुमार यादब सचिवमा रमेश सुतिहार, सहचिवमा आशिष गुप्ता र कोषाध्यक्षमा प्रिया देवी खंग रहेका छन् ।

त्यस्तै सदस्यहरूमा राम नारायण महतो, काजल राय, करिणा साह, कृष्णबल्लव साह, अर्चना मण्डल, रिता कुमारी मण्डल, भोला खंग, गिता देवी सदा, नेहा कुमारी साह, राम कुमार सदा, महेश साह, परमानन्द यादब र राम प्रकाश चौधरी छन ।

गठित संजालले पालिकास्तरमा देखिएका युवा, महिला, दलित, सिमान्तकृत वर्गको आवाजलाई बढाउन तथा मुलधारमा ल्याउन र उनीहरूको समस्याहरूलाई पैरबी, बकालत मार्फत पहल गर्नका लागि युवा संजाल गठन गरिएको सबल नेपालका कार्यक्रम अधिकृत सवनम यादबले बताईन ।

कार्यक्रम सहभागीहरूले समुदायमा बेरोजगारी, बालविवाह, लागू औषध, स्वास्थ, लागू पदार्थ दुर्व्यसन, देहज प्रथा, समस्यालाई समाधान गर्नका लागि संजाललाई सशक्त, सक्रिय, बनाई अभियानको रूपमा परिचालन गर्नुपर्नेमा जोड दिए ।

***अतिरिक्त समयमा ...***

बुढाथोकीले जानकारी दिनुभयो ।

अस्तालले सेवाको विवरण तयार पारी सेवाग्राहीले स्पष्ट बुझ्ने गरी देखिने स्थानमा राख्नुपर्ने छ । सेवा सञ्चालन गर्नका लागि अस्पतालका प्रमुख रहेको कार्यक्रम सञ्चालन समिति गठन गर्नुपर्ने कार्यविधिमा उल्लेख छ । अतिरिक्त समयमा सेवा सञ्चालन सामुदायिक र सहकारी अस्पतालमा समेत लागू गर्न सकिने व्यवस्था छ । प्रदेश र स्थानीय तहले पनि आफ्नो मातहतका अस्पतालमा नियमित बाहेक अतिरिक्त समयमा सेवा सञ्चालन गर्न सक्नेछन् ।

कार्यक्रम सञ्चालनसम्बन्धी कार्यविधि २०७७ लाई आवश्यकता अनुसार परिमार्जन गर्ने मन्त्रालय र उपत्यकाका सङ्घीय अस्पतालबीच सहमति भएको प्रवक्ता डा बुढाथोकीले जानकारी दिनुभयो ।


## विपत्तिबाट बचौं र बचाऔं

- विपत्तिबाट बच्न पूर्वतयारी गरौं,
- बाढी र पहिरोजस्ता प्राकृतिक प्रकोपबाट बचौं,
- विपत्तिमा परेकालाई उद्धार र पुनःस्थापनामा सहयोग गरौं,
- विकास निर्माणका कार्य गर्दा वातावरणीय पक्षमा ध्यान दिऔं,
- पानीको बहाव क्षेत्रमा बसोबास नगरौं, नगराऔं,
- बाढी र पहिरोको जोखिमबाट बच्न पूर्वसावधानी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



जनहितमा जारी सन्देश

## दाइजो प्रथा गैर कानुनी हो, यसको अन्त्य गरौं ।

बालविवाह गर्नु गराउनु सामाजिक अपराध हो ।
बालविवाह नगरौं नराऔं,
बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविष्य निर्माणमा आजै देखि सबै लागौं ।

"सानै छु पढ्न देउ, विवाह हैन पढ्न देउ"



अनुरोधकर्ता : डाक्नेश्वरी नगरपालिका, सप्तरी



## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

शम्भुनाथ नगरपालिका, सप्तरी



## जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको बीउ रोपौं ।
- गरिबी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- बालविवाहको अन्त्य गरौं, आफ्ना नानीबाबुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : सुरुङ्गा नगरपालिका, सप्तरी


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेबसाइट :** *rajbirajdainik.com.np*